


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १८ गते शुक्रबार ❑ 1 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सत्ता साझेदार दलबीच चुनावी तालमेल गर्ने सहमति

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

सत्ता साझेदार दलहरूले आसन्न स्थानीय तहको निर्वाचनमा चुनावी तालमेल गर्ने सहमति गरेका छन् ।

सत्ता साझेदार दलका शीर्ष नेताहरूको आज बसेको बैठकले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा दलहरू मिलेर जाने निर्णय भएको राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो । बैठकमा चुनावी तालमेलका लागि स्थानीयस्तरमा सत्ता साझेदार दलहरू सम्मिलित संयन्त्र बनाउनेसमेत सहमति भएको छ ।

नेपाली कांग्रेसको यही चैत १५ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले स्थानीय तहको निर्वाचनमा स्थानीय अवस्था र आवश्यकताअनुरुप सत्ता गठबन्धनमा रहेका अन्य दलसँग चुनावी तालमेल गर्न सक्ने नीतिगत निर्णय गरेको थियो । शीर्ष नेताबीच सत्ता साझेदार दलको अर्को बैठक यही चैत २१ गते बस्ने सहमति भएको छ ।

बैठकमा गठबन्धनका नेताहरूले प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवालाई आसन्न भारत भ्रमणको शुभकामना दिँदै द्विपक्षीय मुद्दाको सम्बोधनका लागि कूटनीतिक पहल गर्न समेत आग्रह गर्नुभएको थियो । प्रधानमन्त्री देउवाले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीको सौहार्दपूर्ण निमन्त्रणामा यही चैत १८ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गर्दै हुनुहुन्छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री देउवा, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र जनमोर्चाका शीर्ष नेताहरू सहभागी हुनुहुन्थ्यो ।

## सरकार पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध छ -प्रम देउवा

**रासस**
**पोखरा, १७ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकार पूर्ण प्रेस स्वतन्त्राप्रति प्रतिबद्ध रहेको बताउनुभएको छ ।

रिपोर्टर्स् क्लब नेपालको २४औं वार्षिकोत्सवका अवसरमा यहाँ शुक्रबार आयोजित समारोहको उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले वर्तमान सरकार पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताउनुभएको हो ।

नेपाली कांग्रेसका सभापति समेत रहनुभएका प्रधानमन्त्री देउवाले नेपाली कांग्रेस नागरिकको विचार अभिव्यक्ति एवं पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्रको पक्षमा रहेको पनि स्पष्ट गर्नुभयो ।

उहाँले नेपाली कांग्रेसले स्थापना कालदेखि नै लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा वकालत गर्दै आएको बताउँदै अहिले पनि आफ्नो पार्टी यही पक्षमा दृढ रहेको धारणा राख्नुभयो ।

प्रधानमन्त्री देउवाले पूर्ण प्रेस स्वतन्त्रताले लोकतन्त्रलाई चलाएमान बताउने बताउँदै अब हुने स्थानीय, प्रदेश र सङ्घको निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गरी सहयोग गर्न आमसञ्चार माध्यमसँग अनुरोध पनि गर्नुभयो । उहाँले भन्नुभयो, "मुलुकको विकासको लागि सञ्चार माध्यमको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ, मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था स्थापित गर्न मिडियाको भूमिका महत्वपूर्ण छ, अब निर्वाचन सम्पन्न गरी मुलुकलाई आर्थिक समृद्धितर्फ लैजानका लागि पनि मिडियाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने छ ।"

प्रधानमन्त्री देउवाले गठनबन्धनलाई निरन्तरता दिने पार्टीको निर्णय सुनाउँदै यही गठबन्धनलाई अझै बढी बलियो र एकताबद्ध बनाएर लैजाने बताउनुभयो । उहाँले पछिल्लो समयमा सूचना प्रविधिको विकासले सञ्चार क्षेत्रमा ठूलो फड्को मारेको बताउँदै सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा मिथ्या र भ्रामक समाचार र सूचना पनि बढ्न थालेको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री देउवाले मिथ्या र भ्रामक समाचारले सबै सञ्चार माध्यमको विश्वसनीयता सङ्कटमा पर्दै जाने बताउँदै सत्यतथ्यमा आधारित भएर पत्रकारिता गनुपर्ने आवश्यकता औँल्याउनुभयो । मिडिया स्वाभावैले आवाज विहीनको आवाज भएका कारण पनि मिडियालाई राज्यको चौँथो अङ्ग भनिएको उल्लेख गर्दै अन्य विकसित देशमा जस्तै नेपालमा पनि मिडियाले विभिन्न नीति परिवर्तनसँगै आर्थिक, सामाजिक, सांस्कृति विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो ।

## प्रधानमन्त्री देउवा भारतको औपचारिक भ्रमणमा जानुहुँदै

**रासस**
**पोखरा, १७ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवा छिमेकी मित्रराष्ट्र भारतको तीन दिने औपचारिक भ्रमणको सिलसिलामा शुक्रबार मध्याह्न नयाँ दिल्ली प्रस्थान गर्दै हुनुहुन्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री देउवाको यो भ्रमण पाँचौंपटक प्रधानमन्त्री भएपछिको पहिलो औपचारिक भ्रमण हो ।

प्रधानमन्त्री देउवा नेतृत्वको प्रतिनिधिमण्डल नेपाल वायुसेवा निगमको नियमित उडानबाट दिउँसो १:२५ बजे नयाँदिल्ली प्रस्थान गर्नेछ भने सोही एयरलाइन्सबाट यही चैत २० गते साँझ ६:१० स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ । स्वदेश फर्कनुअघि प्रधानमन्त्रीले भारतको वाराणसीको पनि भ्रमण गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भ्रमण टोलीमा देउवा पत्नी आरजु राणा देउवासहित परराष्ट्रमन्त्री नारायण खड्कालगायत मन्त्रीहरु, सचिवहरु तथा पदाधिकारीहरु रहनुभएको छ। भ्रमण टोलीमा सरकारी उच्च अधिकारी, उद्योगी व्यवसायी, सञ्चारकर्मी गरी करिब ५० जना सहभागी हुनुहुन्छ ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कृषिमा आधुनिकिकरण र व्यवसायी हुन आवश्यक: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कृषिमा आधुनिकिकरण र व्यवसायी हुन आवश्यक भएको बताउनु भएको छ ।

पोखरा २२ स्थित वडा स्तरिय कृषि संजालले विहिबार आयोजना गरेको कृषि सामाग्री वितरण गर्दै मन्त्री बरालले कृषिमा आधुनिकिकरण र व्यवसायी हुन आवश्यक भएको बताउनु भएको हो ।



परम्परागत कृषि प्रणालीले निर्वाहमुखी मात्र हुने हुदाँ कृषिलाई समय अनुसार प्रविधिको प्रयोग गरी कृषिबाटै व्यावसायीक हुने अबस्था सृजना गर्न सकिने उहाँको भनाई थियो । प्रदेश सरकारले बाजो जमिनलाई कसरी हुन्छ पुनः खेति वाली गर्ने गराउने वातावरण सृजना हुने कुनै बिषेश कार्यक्रम ल्याउन चाहेको समेत मन्त्री बराललले बताउनु भयो । बाजो जग्गामा खेति गर्नेहरुलाई सरकारले प्रोत्साहन स्वरुप केही अनुदानको कार्यक्रमः समेत ल्याउने तयारी गरेको उहाँले खुलासा गर्नु भयो । नेपालमा रहेका बाजो जग्गामा खेति वाली गरे अबौं रुपैयाको आयात हुने खाद्य पदार्थलाई रोक्न सकिने मन्त्री बरालको भनाई थियो । वडा स्तरिय कृषि संजाल पोखरा २२ ले स्थानिय किसानलाई कृषि सामाग्री (टनेल प्लाष्टिक, असिना छेक्ने जाली, लहरेवालीमा थाक्रोको लागि फलामको पाइप) वितरण कार्यक्रममा ५० जनालाई प्लाष्टिक, २० जनालाई फलाम र २० जनालाई जाली सहयोग गरिएको संजालका अध्यक्ष खेमराज बराललले बताउनु भयो । पोखरा महानगरपालिका वडा नम्बर २२ को ५ लाख रुपैया सहयोग र लाभान्वित किसानबाट संकलन गरिएको थप एक लाख गरी ६ लाख मुल्य बराबरको कृषि सामाग्रि हस्तान्तरण गरिएको सचिव धुर्व बराललले बताए ।

पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बराललले पोखरा २२ का स्थानियहरुमा थप कृषि सामाग्रि माग भएमा जोहो गर्ने बताउनु भयो । उहाँले आगामी बजेटमा कम्तिमा १५ प्रतिशत कृषिमा बजेट विनियोजन गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा पोखरा २२ का वडा सदस्य मात्रिका प्रसाद बराल, अर्को सदस्य चेतभत्त बराल, जिल्ला सहकारी संघका कोषाध्यक्ष नवराज बराल, वडा सचिव राम प्रसाद पौडेल, शुक्रराज माविका प्रध्यानाध्यापक नरनाथ बराल, संजालका सदस्य उमकान्त बराल लगायतले कृषि प्रबर्द्धनको लागि कम्तिमा १५ प्रतिशत बजेटको व्यबस्था हुनुपर्नेमा जोड दिनु भएको थियो ।

## नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप यस वर्ष पोखरामा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**


कोभिड १९ को कारण विगत दुई बर्ष देखि स्थगित भएको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप यस बर्ष भने हुने भएको छ । यही चैत २३ देखि २५ गतेसम्म २० औं संस्करणको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप हुने भएको नेपाल हवाई खेलकुद संस्था (ना) ले विहिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराईएको हो ।




प्रतियोगिता अर्न्तगत यस बर्ष एकुरेसि तर्फको इभेण्टमा मात्र प्रतिष्प्रर्धा हुने भएको प्रतियोगिता संयोजक बलराम आचार्यले बताए । यस अघि क्रसकन्ट्री तर्फको इभेण्ट गरेको नाले यस बर्ष भने एकुरेसी तर्फको महिला/पुरुष तथा टिम तर्फ गरी ७ वटा इभेण्टमा प्रतिष्प्रर्धा हुने भएको संयोजक आचार्यले जनाए । उक्त प्रतियोगितामाटेण्डम(व्यवसायीक प्याराग्लाईडिङ) पाइलट र लोसो(सिक्दै गरेका पाइलट) करिब १ सय जनाको सहभागिता हुने भएको नाले जनाएको छ। ३ दिन चल्ने प्रतियोगितामा महिला प्याराग्लाइडिङ पाइलटहरुको समेत सहभागिता हुने भएको संयोजक आचार्यले बताए । प्याराग्लाइडिङको एक्युरेसी तर्फ लोसो ल्याण्डिङ् ओभरअलको प्रथम, द्धितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः नगद ५०, ३०, २० र १० हजार प्राप्त गर्ने भएको छ । सोही विधामा महिलातर्फ भने प्रथम, द्धितिय, तृतिय र सान्त्वना हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएको संयोजक आचार्यले बताए । त्यसै गरी टिम एक्युरेसी लोसो ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुनेले क्रमशः २०, १५, १० हजार रुपैया पुरस्कार प्राप्त गर्ने भएका छन्। एक्युरेसी टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो तथा शान्त्वना हुनेले क्रमशः ३०, २०, १०, ५ हजार रुपैया प्राप्त गर्ने भएको छ । त्यस्तै एक्युरेसी टिम टेण्डम ल्याण्डिङ ओभरअलमा प्रथम, द्धितिय र तेश्रो हुने खेलाडीले क्रमशः ३०, २०, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएको नाले जनाएको छ ।

एयर शो (एक्रोबेटिक) तर्फ प्रथम, द्धितीय र तेश्रो हुनेले क्रमशः १५, १० र ५ हजार रुपैया प्राप्त गर्ने भएका छन भने वेष्ट कस्टुयुम (गरुणा फन) तर्फ उत्कृष्ट एक जना खेलाडीलाई १० हजार नगद पुरस्कारको साथमा शिल्ड, मेडल तथा प्रमाण पत्र वितरण गरिने भएको नाका अध्यक्ष कृष्ण भण्डारीले बताए । यही चैत २० गतेसम्म खेलाडीहरुको अन्तिम नाम दर्ता हुने भएकोले प्रतियोगितामा गण्डकी प्रदेशको राजधानि पोखरा सहित अधिकांश प्रदेशका खेलाडीहरु सहभागि हुने भएको अध्यक्ष भण्डारीले दाबी गरे । नाको आयोजानमा यस अघि पोखरा र स्याङजाको स्वरेक मैदानमा प्याराग्लाइडिङको प्रि वर्ल्ड कप तथा वर्ल्ड कप समेत भई सकेको छ । प्रतियोगितामा करिब ५० प्रतिशत व्यवसायीक प्यराग्लाइडिङ पाइलट र उत्तिकै सङ्ख्यामा सोलो पाइलटहरु सहभागि हुने भएको पुर्व अध्यक्ष एवं प्रतियोगिता निर्णायक समितीका संयोजक योगेश भट्टराईले बताए ।


नेपाल पर्यटन वोर्डका प्रवन्धक नविन पोखरेलले पोखरा पर्यटकिय दृष्टिकोणले मात्रै नभई सहासिक खेलकुदको केन्द्र भएको दाबी गरे । पोखरामा पर्यटकहरुको अध्यावधिक नहुँदा यसले पर्यटन विकासमा धेरै प्रभाव पारेको उनको गुनासो थियो । प्रतियोगिता लाई नेपाल पर्यटन वोर्डले प्रवर्द्धन गर्ने भएको नाका सचिव माधव तिवारीले जनाए । उक्त प्रतियोगितालाई प्रविधिक हिसावले सम्पूर्ण तयारी गरिएको नाका प्राविधिक उपाध्यक्ष एवं प्रतियोगिताकानिर्णायकसमितीका सह-संयोजक अनिल केसीले बताए । उक्त प्रतियोगितालाई नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ र नेपाल प्याराग्लाइडिङ पाइलट क्लबको सहयोगमा भएको नाले जनाएको छ । उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धन हुनुका साथै नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई समेत थप टेवा पुग्ने भएको केसीले जनाए । प्रतियोगिता सम्पन्न गर्न ३० लाख खर्च लाग्ने उनले जनाए ।



# पोखरामा 'राजद्रोही राजनेता' प्रदर्शन हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको जीवनीका घटनामा आधारित 'राजद्रोही राजनेता' वृत्तचित्र चैत १८ गते शुक्रबार पोखरामा प्रदर्शन हुने भएको छ। सुशील कोइराला मेमोरियल फाउन्डेसन र अन्वेषण न्युज डट कमको सहकार्यमा उक्त वृत्तचित्र निर्माण गरिएको हो । चिप्लेढुंगास्थित पोखरा ट्रेडमलको सिलेप्लेक्समा शुक्रबार बिहान पौने ९ बजे वृत्तचित्र प्रदर्शन गर्न लागिएको हो । वृत्तचित्रमा विसं २०३१ देखि २०३६ सम्मका घटना समेटिएको छ। करिब ६ वर्ष लगाएर वृत्तचित्र तयार गरिएको अन्वेषण न्युज डट कमका प्रधानसम्पादक जगत नेपालले बताए । पोखरामा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा 'राजद्रोही राजनेता' प्रदर्शन गर्न लागिएको फाउन्डेसनले जनाएको छ । वृत्तचित्रमा बिपी, गणेशमानलगायत नेतामाथिको राजद्रोहको मुद्दाको फैसला गर्ने न्यायाधीश जनकमान श्रेष्ठ, पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, बिपीको चिकित्सकका रुपमा काम गर्नुभएका डा मृगेन्द्रराज पाण्डे, पूर्वअञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठ, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद




भण्डारीलगायतको स्वर संकलन गरिएकाले जीवन्त छ । विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर नेपाल फर्कंदा साथमै रहेका नेताहरु खुमबहादुर र नेपाली कांग्रेसका पूर्वकोषाध्यक्ष रामबाबु प्रसाईंलगायतको भनाइ पनि वृत्तचित्रमा समेटिएको छ। हाल उहाँहरुको निधन भइसके पनि यसअघि नै भनाइ लिइएको थियो । बिपीलगायत नेताहरु मेलमिलापको नीति लिएर फर्कनुअघि उनलाई नेपालको राष्ट्रपतिको अफर गरिएकामा देश बचाउन पद कसरी छोडेको भन्ने पनि देखाइएको प्रधानसम्पादक नेपालले बताए । वृत्तचित्रमा भिडियोग्राफी र सम्पादनको काम मानबहादुर थापाले गरेका छन्। नेपाली कांग्रेसको संस्थापक बिपी आफूमाथिका ८ वटा राजद्रोहसम्बन्धी मुद्दाकोसमेत प्रवाह नगरी २०३३ साल पुस १६ गते किन स्वदेश फर्किए र कसरी जनमत संग्रहको घोषणा भयो भन्ने विषयलाई वृत्तचित्रमा सूक्ष्मरुपमा देखाइएको छ।

नेपाल प्रवेश गर्ने बित्तिकै राजद्रोहको मुद्दाका कारण मृत्युदण्डसमेत हुनसक्ने र भारत प्रवासमा बसिरहँदा राष्ट्रियता संकटमा पर्ने त्रासकाबीच बिपीले गरेको ऐतिहासिक राष्ट्रिय एकता तथा मेलमिलाप नीतिको विषयलाई वृत्तचित्रमा देखाइएको फाउन्डेसनका सदस्य सचिव अतुल कोइरालाले बताए। ज्यान हत्केलामा राखेर मेलमिलापको नीति लिएर स्वदेश फर्किएकाले नै बिपी राजनेता बन्न सफल भएको विषयलाई वृत्तचित्रमा देखाइएको छ । मुलुकको सार्वभौमिकता जोगाउन उनले उठाएको जोखिमलाई पनि वृत्तचित्रको विषय बनाइएको छ। आज गौरवका साथ नाम लिइने देशको स्वाधीनता कसरी जोगियो भन्ने विषयलाई वृत्तचित्रले देखाएको छ । ऐतिहासिक पात्रकै माध्यमबाट त्यसबेलाका घटना दर्शकले हेर्न सक्ने भएका छन्।

इतिहासको संरक्षणका लागि अन्वेषण अभियानअन्तर्गत अन्य वृत्तचित्र पनि बनाइने भएको छ। ऐतिहासिक विषयमा १२ वटा अन्य वृत्तचित्र निर्माण प्रक्रिया अघि बढाइएको सदस्य सचिव कोइरालाले बताए।

विकसित देशमा यस्ता दस्तावेजको संरक्षण गर्ने काम राज्यले गर्ने भए पनि नेपालमा प्राथमिकतामा पर्न सकेको छैन । राज्यले ध्यान नदिएकै कारण कयौँ यस्ता तथ्य एवं सामग्री लोप भइसकेको छ । लोप नभएका तथ्य एवं सामग्रीको संरक्षणका लागि अन्वेषण अभियानले काम गर्न लागेको अन्वेषण न्युज डटकमले जनाएको छ।

फाउन्डेसनले अन्वेषण न्युज डटकमको सहकार्यमा वृत्तचित्र निर्माणलाई अघि बढाएको हो । इतिहासजस्तो गम्भीर विषयमा श्रव्यदृश्यजस्तो खर्चालु प्रविधिमार्फत ऐतिहासिक दस्तावेजको संरक्षण गर्नु चुनौतीपूर्ण काम भएकाले अभियानले सहकार्यका लागि पनि इच्छुकसँग आह्वान गरेको छ । 'राजद्रोही राजनेता' तयार पारेसँगै अन्वेषण अभियानले 'प्रजातन्त्रका लागि अपहरण' र 'मिसन ओखलढुंगा' वृत्तचित्र तयार गरी सम्पादनको अन्तिम चरणमा रहेको जनाइएको छ । नेपाली कांग्रेसका पूर्वमहामन्त्री रहेका फाउन्डेसनका अध्यक्ष डा. शशांक कोइराला एक दर्जनभन्दा बढी यस्ता वृत्तचित्र निर्माणको तयारी गरिएकाले यसमा सबैको साथ र सहयोगको अपेक्षा गरेको बताउँछन्।

# नेपाल खेलकुद महासंघ गण्डकीको सम्मेलन चैत १९ र २० गते पोखरामा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

नेपाल खेलकुद महासंघ प्रदेश कमिटी गण्डकीको प्रथम सम्मेलन यही चैत १९ र २० गते पोखरामा हुने भएको छ। गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट एक सय ४३ जना सहभागि हुने गरी उक्त सम्मेलनको तयारी तिव्र पारिएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रदेशका ११ जिल्ला, ३६ निर्वाचन क्षेत्र, ८ वटा खेल संघबाट उक्त सम्मेलनमा गरी १ सय ४३ जनाको सहभागिता हुने भएको महासंघका गण्डकी संयोजक बिष्णु पुनले बताए । उक्त सम्मेलनले ७५ सदस्य नयाँ कार्यसमिचि चयन गर्ने भएको छ । अध्यक्ष, एक महिला उपाध्यक्ष सहित ३ उपाध्यक्ष सहित ७ सदस्य पदाधिकारी चयन हुने भएको संयोजक पुनले जनाए । नेकपा एमाले निकटको महासंघले प्रतिभावान खेलाडीहरुको पहिचान गरी तालिमको व्यबस्था गरी अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता गराउन पहल गर्ने, खेलकुद पूर्वाधार निर्मामा जोडदिने, अन्तराष्ट्रिय पदकधारी खेलाडीलाई उचित सम्मान गर्ने पहलन गर्ने, राष्ट्रिय खेलकुद नीति निर्माण तथा कार्यान्वय गराउन पहल गर्ने, खेलकुद प्राधिकरण गठन गर्न पहल गर्ने, खेलकुदमा रहेको अनियमितता, विकृति, विसङ्गति सहितका गलत कार्यलाई निरुत्साहित पार्न भूमिका खेल्ने लगायतको उद्धेश्य रहेको संयोजक पुनले जनाए । पत्रकार सम्मेलनमा वोल्दै पूर्व मन्त्री खगराज अधिकारीले हजारौं अस्पताल भन्दा रंगशालाहरु बनाउन ध्यान केन्द्रित हुनुपर्ने बताए । रोग लाग्नु भन्दा पहिला नै व्यक्ति कसरी स्वस्थ्य रहन सक्छ त्यस तर्फ सचेत हुन उनले आग्रह गरे । एमालेका संगठन विभाग प्रमुख समेत रहेका पूर्व मन्त्री अधिकारीले मुलुकको अर्थतन्त्र हाल डामाडोल भएको महङ्गीले आकाश छोएको, सरकारले पुंजिगत खर्च न्यून गरेको आरोप लगाए।

# नारायणस्थानमा रामनवमीको अवसरमा श्रीराम कथामृत प्रवचन हुने

**निर्मला नेपाली**
**पोखरा, १७ चैत**

रामनवमी महापर्व-२०७८ को अवसरमा संगीमय श्रीराम कथामृत हुने भएको छ।

हिमालय सिद्ध महायोग ध्यान साधना केन्द्र, नारायस्थान धार्मिक क्षेत्र विकास समिति नदिपुरमा हुने श्रीराम कथामृत चैत १९ गते देखि शुरु भइ २७ गते सम्म चल्ने कार्यक्रम संयोजक भोला बराललले जानकारी दिए । अनन्तश्री विभूषित जगतगुरु रामनन्दाचार्य सद्गुरुदेवको सानिध्यमा भक्तमाला, श्रीरामचरितमानसको नेपाली, अग्रेंजी, हिन्दी भाषाकी प्रवाचिका आञ्जनेय युवा क्लबकी अध्यक्ष चन्द्रकला सखीको मुखारविन्दुबाट तथा शास्त्रीय संगीतका आचार्य शिवराज पौडेल र आञ्जनेय युवा क्लबका कालाकारको संगितीक प्रस्तुतीमा श्रीराम कथामृत हुने उनले जानकारी दिए। प्रत्येक दिन विहान ७ वजे देखि १० वजे सम्म संगीतमय श्रीराम चरितमानस पाठपरायण, विहान ११ वजे देखि १ वजे सम्म प्रसाद र दिउसो २ वजे देखि ५ वजे सम्म श्रीराम चरितमानस कथा प्रवाचन हुने छ।

सम्पूर्ण आपद-विपद हरण गरी समस्त प्रकारको सुख ऐश्वर्य प्रदान गर्ने साथै आयु आरोग्य तथा मित्रहरु बृद्धि गर्ने उद्देश्यले यो प्रवचन आयोजना गरिएको बराललले जानकारी दिए। विद्यार्थी पत्रकार

# रेडियो अन्नपूर्णको बृहत रक्तदानको तयारी पूरा

**मिना भुजेल**
**पोखरा, १७ चैत**

रेडियो अन्नपूर्णले बार्षिक रुपमा आयोजना गर्दै आइरहेको बृहत रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको छ।

चैत १९ गते शनिबार आयोजना हुने २० औं रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको स्टेशन म्यानेजर सञ्जयकुमार मल्लले जानकारी दिए । रक्तदान कार्यक्रमलाई सफल बनाउन बिभिन्न सघं संस्थाहरुले समेत साथ दिएका छन् । रक्तदान कार्यक्रम गैह्रापाटनस्थित रेडियोको प्राङ्गणमा बिहान ७ बजेदेखि हुने छ। रक्तदान कार्यक्रममा पोखरा इन्टरनेट प्रा.लि., नेपाल बैंक लिमिटेड, नविल बैंक लिमिटेड र बृज सिमेन्टले सहकार्य गरेका छन्। पोखरा फुड्स सेन्टर काठमाडौंका सञ्चालक अमर बनियाँ, आर.एल.पि.अण्डा सप्लायर्सका सञ्चालक राजु पौडेल, सिजी फुड्स नेपाल प्रालि, नेलम्बो नेपाल, डाबर नेपाल (रियल जुस), पेनगुइन मिनिरल वाटर र तालबाराही फार्मेसी प्रायोजकको रुपमा रहेका छन्।

लायन्स क्लब अफ पोखरा सेन्टिनियल, लायन्स क्लब अफ पोखरा गण्डकी दोभान, लायन्स क्लब अफ पोखरा सेती गंगा, पोखरा लेडीज जेसिस, प्राइम सहकारी संस्था लिमिटेड र परिचय एडभटाइजिङ विशेष सहयोगीका रुपमा रहेका छन्।

# 'निर्वाचन निष्ठाले चुनाव जित्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा १७ चैत**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले चुनावमा प्रतिस्पर्धा गर्ने सबै राजनीतिक दलले लोकतन्त्रको रक्षा र शासकीय शुद्धताका लागि निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी बनाउन प्रतिबद्धता जाहेर गर्न पर्ने आवश्यकता औँल्याउनुभएको छ।

'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रियामा उहाँले निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा सुकै बेला अप्ठेरोमा पर्न सक्नेतर्फ समयमै हेक्का राख्न सबै राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिनुभयो।

# प्रधानमन्त्री ...

भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले भारतका उपराष्ट्रपति बैङ्कैया नायडूसँग शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। चैत १९ गते भारतीय प्रधानमन्त्री मोदीसँग हैदरावाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता हुने कार्यक्रम रहेको छ। साथै, भारतीय प्रधानमन्त्री मोदीले प्रधानमन्त्री देउवासहितको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ।

त्यसैगरी, प्रधानमन्त्री देउवासँग भारतीय विदेशमन्त्री तथा भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकारले भेटवार्ता गर्ने मन्त्रालयले जनाएको छ। भ्रमणका क्रममा देउवाले भारतका विदेश मामिलामन्त्री र राष्ट्रिय सुरक्षा सल्लाहकारसँग पनि भेट गर्नुहुनेछ । त्यस्तै प्रधानमन्त्री देउवाले भारत भ्रमणका अवसरमा नयाँ दिल्लीमा व्यापारीको भेलालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

# कोन सहकारीमा मोबाईल बैंकिङ सेवा सुरु

कोन सामुदायिक साकोस

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

तपाईं कोन सहकारीमा सदस्य हुनुहुन्छ ? हजुर बत्ति, पानी र टेलीफोनको शुल्क तिर्न लाइनमा बस्नुहुन्छ ? थोरै रकम साथीलाई तिर्न पकेटमा पैसा लिएर जाँदै हुनुहुन्छ ? अव ती सवै झन्झटवाट मुक्त हुनु हुने छ । पोखरा महानगरपालिका वडा न १३ वडा कार्यालय अगाडि स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले मोबाईल बैंकिङ सेवा सुरु गरेपछि सवै झनझट हटेको छ । संस्थाले एमबैंक टेक्नोलोजीसँग सहकार्य गरी हालै अत्याधुनिक मोबाईल बैंकिङ सेवा सुरु गरेको हो।

अब कोन सामुदायिक सहकारी संस्थाका सदस्यले मोबाईल बैंकिङ सेवा लिई घरमै बसीबसी आफ्नै मोबाइलवाट विभिन्न प्रकारका डिजिटल भुक्तानी तथा कारोबार गर्ने कोन सहकारीका मानार्थ संरक्षक शरदकान्त सिग्देलले बताए । साथीभाइलाई एक फोन गरेर आफ्नो खातामा पैसा जम्मा गर्ने देखि अरुको खातामा सजिलै पठाउन सकिने संरक्षक सिग्देलले भने। मोबाइल बैकिङ सेवाले समय अनुसारको सेवा सुविधा दिन सुरु गर्नाले सवैमा खुशीको लहर छाएको कोन सामुदायिक सहकारीका अध्यक्ष तीर्थ वहादुर बस्नेतले वताए। अब संस्थाका सदस्यले आफ्नो खाताबाट विभिन्न बैंकमा रकम ट्रान्सफर सेवा, विभिन्न वालेटमा लोड, क्यू आर भुक्तानी, सम्पूर्ण युटिलिटी पेमेन्ट, शेयर खरिदको भुक्तानी, मेरो शेयर र डिम्याट नबिकरण गर्न सक्नु सहकारीका महाप्रवन्धक अपिल कोइरालाले जानकारी दिए । सवै सदस्यहरुलाई सहज सेवा उपलब्ध गराउन मोबाईल बैंकिङ सेवा सुरु गरिएको संस्थाका विभागीय प्रमुख राविन्द्रराज पौडेलले पोखरापत्रलाइ वताए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# प्रहरीको बढुवामा सत्ताको झेल

कांग्रेस सभापति शेर बहादुर देउवा प्रधानमन्त्री भएको बेला प्रहरीको बढुवा र सरुवा मापदण्डविपरीत हुने गरेको छ । बरिष्ठता र अनुभवको आधारमा हुँदै आएको बढुवा निकटका आधारमा हुन थालेको छाचेन अफ कमान्डमा चल्ने प्रहरीमा राजनीतिका आधारमा बढुवा गर्दा असन्तुष्टि सार्वजनिक हुने गर्दछानेपाल प्रहरीको अतिरिक्त महानिरीक्षक (एआईजी) बढुवा गर्ने सरकारको बिहीबारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । देउवा यश अघि प्रधानमन्त्री हुँदा पनि सबैभन्दा प्रकृया मिचेर प्रहरी महानिरीक्षकमा बढुवा गर्दा अदालतमा जाने अवस्था बनेको थियो ।नेपाल प्रहरीका सक्षम, ईमान्दार र काविलहरु शासकको कोपभाजनमा पर्ने गरेका छन । प्रहरीमा गुटबन्दी भित्र्याउने, शान्तिसुरक्षाको अवस्था कमजोर बनाउने काम यस्तै शासकले गरेका छन । बढुवामा नपरेका डीआईजी ईश्वरबाबु कार्कीले गैरकानुनी रुपमा एआईजी बढुवा गरिएको भन्दै सर्वोच्च अदालतमा रिट दिएका छन । बिहीबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले डीआईजी वसन्तकुमार पन्त, धिरजप्रताप सिंह र रवीन्द्रबहादुर धानुकलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको थियो । तर वरिष्ठताक्रम र कार्यक्षमताका आधारमा बढुवा नगरिएको भन्दै कार्कीले सर्वोच्चमा रिट दिएका छन ।

सर्वोच्च अदालतले डीआईजी कार्कीको रिट दर्ता भएको पुष्टि गरेको छ । डिआईजी घनश्याम अर्याल र प्रकाशजंग कार्कीले पनि रिट निवेदन लिएर गएका छन । उनिहरुको रिट अध्ययन भइरहेको सर्वोच्चले जनाएको छ । नेपाल प्रहरीको महानिरीक्षक शैलेस थापा क्षेत्री अवकाश हुन करिब एक महिना बाँकी छामहानिरीक्षकमा आफ्नो अनुकूलको ब्यक्ति ल्याउन कहिले दरबन्दी थप्नु त कहिले मापदण्ड विपरीत बढुवा गर्दा संस्था नै विवादमा पर्नेछ गरेको छासरकारले हतारहतार तीन एआइजीको दरबन्दी थपेर सत्ता अनुकूल चलाउन सक्नेलाई एआईजीमा बढुवा गरेपछि प्रहरी भित्रको असन्तुष्टि सार्वजनिक भएको छाजेष्ठता र कार्यक्षमता नहेरी सरकारले डिआइजीबाट एआईजीमा गरेको बढुवा विरुद्ध उजुरी परेको छ । महानिरीक्षक क्षेत्रीको ब्याजी डिआइजीहरुले उजुरी दिएर सरकारको कार्यशैली  पक्षपाती भएको संदेश दिएका छन । डिआईजीहरु प्रकाश कार्की, घनश्याम अर्याल र ईश्वर बाबु कार्कीले बढुवा सिफारिस समिति विरुद्ध उजुरी दिएका थिए ।लोक सेवा आयोगका अध्यक्षले सरकारको सिफारिस सदर गरेपछि सर्वोच्च अदालत धाउनुपर्ने अवस्था निम्त्याएको छा सरकारले आफ्नो अनुकूलको ब्यक्ति प्रहरी महानिरीक्षक बनाउन सत्ताको दुरुपयोग गरि जालझेलको काम गरेको छाबरियता क्रम मिचिएको देखेर अदालत जाँदा न्याय पाईन्छ भन्ने अपेक्षा गरेका छनातीनैजना वर्तमान आईजीपी शैलेश थापाका ब्याचीहरू हुन् । उनीहरूले वैशाख १८ बाट अवकाश पाउँदैछन् ।

सिफारिसमा परेका पन्त पनि आईजीपी थापाका ब्याची हुन् । अन्य दुईजना सिंह र धानुक एआईजी भए उनीहरू दुवै भावी आईजीपीका लागि प्रतिस्पर्धी मानिनेछन् । यसअघि सुशील कोइराला प्रधानमन्त्री भएका बेला नेपाल प्रहरीमा एआइजीको संख्या ७ बाट १३ पुगेको थियो । त्यसबेला एआईजीका लागि भएको बढुवामा आफू अगाडि रहेर पनि नाम नपरेको भन्दै दुई डीआईजीले उजुरी गरेका थिए । बढुवा समितिको सिफारिसविरुद्ध परेको उक्त उजुरीविरुद्ध सुनुवाइ गर्दै दुवैलाई एआईजीमा बढुवा गर्न निर्देशन दिइएको थियो । उनीहरू दुवैजना एआईजीमा बढुवा भएका थिए । त्यसबेला उजुरी सुन्ने समितिलाई एआइजी थपको निर्देशन दिन सक्नेसम्मको नियमावलीमा व्यवस्था थियो । ती दुई डिआइजीलाई बढुवा गरेलगत्तै नियम संशोधन गरेर उजुरी सुन्ने समितिको उक्त अधिकार कटौति गरिएको थियो ।

त्यसपछि आफूहरू पनि एआईजी बन्नुपर्ने भन्दै थप चारजना डीआईजी सर्वोच्च अदालत पुगेका थिए । अदालतले उनीहरूलाई पनि एआईजी बनाउन आदेश दिएपछि एआईजीको दरबन्दी १३ पुगेको थियो । सरकारले विशेष दरबन्दी सृजना गरेर ती चारजनालाई एआईजी बनाएको थियो । देउवा अघिल्लोपटक प्रधानमन्त्री हुँदा दुई एआईजीको दरबन्दी थप भएको थियो । यसरी एआईजी प्राविधिकसहित १६ जनासम्म पुगेका थिए । सर्वेन्द्र खनाल आईजीपी हुँदा प्रदेशमा डीआईजी रहने भएकाले धेरै एआईजी नचाहिने भन्दै ३ जनामा झारिएको थियो । यसपटक नयाँ आईजिपी आउने बेलामा एआईजीका तीनवटा दरबन्दी थपेर सरकारले चलखेल गर्ने बाटो खोलेको छ । प्रहरी नियमावली २०७१ अनुसार सरकारले उपलब्ध एआईजीमध्येबाट र एआईजी नभएको अवस्थामा उपलब्ध डीआईजीमध्येबाट एक जनालाई आईजीपीमा बढुवा गर्ने व्यवस्था छ । प्रहरी नियमावलीको नियम ४१ मा आईजीपीका लागि हुने बढुवाबारे भनिएको छ, 'यस नियमावलीको नियम २८ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा अतिरिक्त महानिरीक्षकहरूमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न सक्नेछ ।'

प्रधानमन्त्री शेरबहादुर देउवाको अघिल्लो कार्यकालमा जुनियर डीआईजीलाई आईजीपीमा बढुवा गरेकाले यसपटक थपिएको एआईजी दरबन्दी पनि विगतको जस्तै हुने आशंका छ। त्यतिबेला सरकारको निर्णयप्रति असन्तुष्टि जनाउँदै डीआईजीको वरीयतामा पहिलो नम्बरमा रहेका नवराज सिलवालले दायर गरेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले वरिष्ठता र ज्येष्ठताका आधारमा आईजीपी नियुक्त गर्न आदेश दिएको थियो।चुनावको मुखमा प्रहरी भित्र चलखेल गर्ने कामले विवाद बढाउने काम गर्दछ । अघिल्लो सरकारले प्रहरीमा विवाद आउन नदिन जेष्ठतालाई आधार बनाएको थियो ।राम्रो कामको अनुसरण गरेमा कसैले पनि उजुरी दिने, मुद्दा मामिला गर्ने अवस्था आउने थिएन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मन चञ्चल | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कृषि उपकरण वितरण

**पोखरापत्र संवाददाता**
**दमौली, १७ चैत**

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँका कृषकलाई कृषि उपकरण वितरण गरिएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ लिलाचोक र भाटडाँडाका कृषकलाई गण्डकी प्रदेश सरकारको सहयोगमा कृषि उपकरण वितरण गरिएको हो । प्रदेश सरकारको ८५ प्रतिशत अनुदान र कृषकको १५ प्रतिशत लगानीमा हाते ट्र्याक्टर वितरण गरिएको वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार चार कृषकलाई हाते ट्र्याक्टर वितरण गरिएको छ । हाते ट्र्याक्टर पाउनेमा टेकनारायण कोइराला, कुमार परियार, कृष्णबहादुर गुरुङ र गुनबहादुरगुरुङरहनुभएकोछा।यसैगरी भकारो सुधार कार्यक्रममार्फत् राजु नेपाली, चेतबहदुर नेपाली, प्रकाश परियार, रिना भुजेल, कृष्णप्रसाद कोइराला, चन्द्रबहादुर हमाललाई सहयोग गरिएको छ । प्लाष्टिक टनेल निर्माणका लागि नवराज गौतम, नुमबहदुर गुरुङ, शान्तामाया थापा, बालकुमारी श्रेष्ठ, तिलबहादुर श्रेष्ठलाई सहयोग गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाले कृषि उपकरण वितरण गर्दै निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउन सरकारले यो कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । निर्वाहमुखी कृषि पेशा गर्दै आएका कृषकलाई व्यावसायिक बनाउँदै नमूना गाउँ बनाउने लक्ष्यसहित प्रदेश सरकारले विसं २०७५ चैत १० गतेदेखि प्रदेशभर यो कार्यक्रम लागू भएको घोषणा गरेको थियो । सोही बमोजिम तनहुँका विभिन्न पालिकामा मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ सञ्चालित छ । तनहुँको ऋषिङ, भिमाद, देवघाट, शुक्लागण्डकी, भानु, आँबुखैरेनीलगायतका गाउँमा मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ कार्यक्रम लागू गरिएको हो ।

# शिक्षामन्त्रीको जिल्लाका तीन विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ चैत**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले पढ्दै कमाउँदै कार्यक्रमका लागि बागलुङका तीन विद्यालय छनोट गरेको छ। केन्द्रले आज सार्वजनिक गरेको सूचीमा शिक्षामन्त्रीको जिल्ला बागलुङका तीन विद्यालय मात्रै छनोट भएका हुन् ।

बागलुङको ताराखोला गाउँपालिकामा रहेको अर्गल माध्यमिक विद्यालयमा कृषि तथा पशुपालन, गलकोट नगरपालिकामा रहेको गलकोट माध्यमिक विद्यालयमा कृषि र निसीखोला गाउँपालिकाको महेन्द्र माध्यमिक विद्यालयमा पशुपालन विषयमा यो कार्यक्रम लागू हुनेछ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत 'पढ्दै कमाउँदै' कार्यक्रम विद्यालय सहयोग कार्यक्रमका लागि देशभरका १४० सामुदायिक विद्यालय छनोट भएका हुन् । प्राविधिक विधामा अध्ययन गर्ने कक्षा १२ सम्मका विद्यार्थीलाई लक्षित गर्दै सरकारले पढ्दै कमाउँदै कार्यक्रम लागू गर्नेगरी कार्यविधि तयार गरेको थियो । सोहीअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सूचना प्रकाशित गरी आवेदन माग गरेको थियो । प्रत्येक जिल्लाबाट कम्तीमा एक विद्यालय अनिवार्य र बढीमा पाँच वटा विद्यालय छनोट गरिएको केन्द्रले जानकारी दिएको छ । आवेदन परेका विद्यालयलाई जिल्लाको मूल्याङ्कन समितिले छनोट गरिएका आधारमा प्राविधिक धारको कक्षा सञ्चालन भएका विद्यालय छनोट गरिएको केन्द्रका सूचना अधिकारी सुरेशकुमार जोशीले बताउनुभयो ।

# तिमिल्सीनाको नेतृत्वमा प्रजातन्त्रवादी प्राध्यापक संघ

**निर्मला नेपाली**
**पोखरा, १७ चैत**

प्रजातन्त्रवादी प्राध्यापक संघ, पृथ्वीनारायण क्याम्पस इकाइ समितिको पाँचौ अधिवेशन वाट अध्यक्षमा देवीलाल तिमिल्सिना निर्वाचित भएका छन् ।



समितिको उपाध्यक्षमा सनत कुमार श्रेष्ठ, सचिवमा कृष्ण प्रसाद त्रिपाठी, कोषाध्यक्षमा गोकुल ढुंगाना, सहसचिवमा मदन प्रसाद बराल सर्वसम्बद चयन भए । सदस्यहरुमा क्रमश नारायण दत्त बस्ताकोटी, नारायण प्रसाद न्यौपाने, दोरिक नारायण यादव, डा. सविन्द्रराज भण्डारी, डा बिनिता कोइराला शर्मा, राज कुमार बराल, सुरेन्द्र कार्की, यशोदा गौतम घिमिरे, सरस्वती आचार्य तिवारी र नारायण प्रसाद सापकोटा रहेको संघका निवर्तमान सचिव वोधराज ढकालले पोखरापत्रालाइ वताए ।

# फेदीखोला-२ का घर घरमा धारा

**प्रकाश डोटेल**
**स्याङ्जा, १७ चैत**



खानेपानीको समस्या भौग्दै आएका स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नं. २ मा निर्माणाधिन दुईवटा खानेपानी आयोजना सञ्चालनमा आएसँगै १ सय ६६ घरधुरीका ८ सय नागरिक खानेपानीबाट प्रत्यक्ष लाभान्वित भएका छन् ।

गण्डकी प्रदेश सरकारको १ करोड छ लाखको लागतमा निर्माण गरिएको च्याउखोला खानेपानी योजनाबाट ८६ घरधुरीका ४ सय २५ लाभान्वित भएका छन् भने संघीय सरकारबाट प्राप्त ९५ लाख ४८ हजार ५ सय १३ रुपैयाँको लागतमा निर्मित ठूलाधारा लिफ्टिङ्ग खानेपानी योजनाबाट ८० घरधुरीका ३ सय ७५ नागरिक लाभान्वित भएको वडाध्यक्ष हिमालयजंग बानियाँले बताए। खानेपानी योजना अव्वस्थित हुनाका साथै बस्ती बढ्दै जाँदा पानी अपुग भएपछि प्रदेश सरकारको सहयोगमा च्याउखोला मुहान मर्मत गरी पानी ल्याएर वितरण गरिएको च्याउखोला आयोजना उपभोक्ता समितिले जनाएको छ । उक्त खानेपानी योजना निर्माण भई सञ्चालनमा आएसँगै फेदीखोला गाउँपालिका २ का तल्लोगाउँ, माथिल्लो गाउँ, नाङ्गडाँडा, कल्लेरी, बेसारे गाउँलगायत ८६ घरधुरीका प्रत्येक घरमा धारा जडान गरिएको छ । योजना मर्मत सम्भारका लागि मासिक ५० संकलन गर्न थालिएको समितिका अध्यक्ष बम बहादुर गुरुङले जानकारी दिए । लिफ्टिङबाट फेदीखोला २ का तल्लो कुँडुलेका ८० घरमा खानेपानीको पहुँच पुगेको ठूलाधारा आयोजना उपभोक्ता समिति अध्यक्ष दीपेन्द्र सुवेदीले जानकारी दिए । योजना संचालनमा आएसँगै गाउँभन्दा करिब एकसय मिटर तल रहेको ठूलाधारा मुहानबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता हटेको छ । अहिले घरघरमै पानीको धारा जजान गरिएसँगै यहाँका बासिन्दाको दैनिक जीवनमा परिवर्तन आउने अपेक्षा गरिएको छ । घरघरमै पानी आएपछि पानी बोक्नका लागि दैनिक खर्चिनुपर्ने समय अन्य आयमूलक कार्यमा लगाउन सकिने विश्वास समितिका अध्यक्ष सुवेदीले गरेका छन् ।

# काठमाडौँमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव सुरु

**रासस**
**काठमाडौं, १७ चैत**

काठमाडौँमा आजदेखि अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) सुरु भएको छ।

'विश्वभरका कथाको उत्सव, नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नाराका साथ बिहीबार देखि पाँचदिने महोत्सव सुरु भएको हो । महोत्सवको उद्घाटनका दिन आज नुवाकोटको तारुकामा परम्परागतरूपमा मनाइने गोरु जुधाइ पर्वका विषयमा पुरु लम्सालले निर्देशन गर्नुभएको वृत्तचित्र 'गोरु पर्व' प्रदर्शन गरिएको थियो । पाँच दिनसम्म चल्ने महोत्सव यसपटक पाँचौं संस्करण हो ।


**उन्नत जातको बंगुरको पाठा चाहिएमा हामीलाई सम्झनुहोला ।**

**सम्पर्क:**
**९८०६६३०११४**
**९८१९१९९३८१**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्म:**
**वि. स. २००९/०५/०४ गते**

**स्वर्गारोहण:**
**वि.स. २०७७/१२/२९ गते**

**स्व: डिल्लीराम गौतम**

हाम्रा प्रात स्मरणीय आदरणीय पति/बाबा/हजुरबाबा **डिल्लीराम गौतम** ६८ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज वार्षिक पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं  समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**श्रीमती: पार्वती गौतम**

**छोरा/बुहारी:**
**गोविन्द गौतम / सरिता गौतम**
**डा. दिनेश गौतम / इन्जु गौतम**
**दिपेन्द्र गौतम / बबिता गौतम**

**नाति:**
**आभास गौतम**
**अभिभ गौतम**
**अभिनव गौतम**
**एरिस गौतम**

**एवम् गौतम परिवार**
**पोखरा-१३ काहुँखोला**

# पोखरा महानगरपालिकाले बल्ल तोक्यो नौ तालको मापदण्ड

–जमुना वर्षा शर्मा
पोखरा, १७ चैत (रासस)

लामो समयदेखिनिकै चर्चा र विवादको रूपमा रहेको पोखराको फेवाताललगायत नौ तालको मापदण्ड अन्ततः पोखरा महानगरले टुग्याइएको छ। बुधबार साँझ बसेको कार्यपालिकाको ५५औँ बैठकले फेवातालसहित नौवटै तालको मापदण्ड निर्धारण गरेको हो ।

लामो समयदेखि फेवातालको मापदण्ड कति भन्ने विषयमा विवाद बन्दै आएकामा हिजोको सो बैठकले फेवातालको मापदण्ड ३० मिटरकायम गरेको हो । फेवातालको मापदण्ड र सिमाङ्कनको विषयमा अनधिकृत संरचना बन्दै गएको भन्दै २०६८ असार २३ गते खगेन्द्र सुवेदीलगायतले सर्वोच्चमा रिट हालेका थिए । सो रिट उपर सर्वोच्चले २०७५ वैशाख १६ गते तिनै वटा तहको सरकारलाई निर्देशनात्मक आदेश दिएर विवादलाई टुङ्गो लगाउन भने पनि यसको विवाद टङ्गिन सकेको थिएन । सर्वोच्चको आदेशअनुसार समयमा काम गर्न नसकेपछि मानहानीको मुद्दा खेप्दै आएको पोखरा महानगरले ढिलै भए पनि मापदण्ड तोकेको छ । मापदण्ड ६५ मिटर र ३० मिटर विषयमा विवाद रहँदै आएको थियो । मापदण्ड तोक्नका लागि वडा नम्बर १७ का अध्यक्ष तीर्थराज अधिकारीको संयोजकत्वमा सिफारिस समिति गठन भएको थियो । संयोजक अधिकारीले भन्नुभयो, “हामीले अहिलेसम्म विज्ञ, सरोकारवालालगायतका विभिन्न समितिबाट प्राप्त दर्जन बढी प्रतिवेदनको अध्ययनलाई विश्लेषण गरेर आधार मान्दै मापदण्ड ३० मिटरमा कायम गर्न हुन्छ भनी सिफारिस गर्‍यौँ र सोही बमोजिम नै तोकिएको हो ।” अहिलेको मापदण्ड प्राकृतिक न्यायको सिद्धान्तलाई समेत आधार मानेर तोकिएको उहाँको भनाइ छ । “यस अगाडिका विज्ञका राय तथा प्रतिवेदनले उठाएका विषय वस्तु अहिलेको वास्तविक भौगोलिक अवस्थितिलगायत बहुपक्षीय अवस्थालाई हेरेर हामीले यो निर्णय गरेका हौँ, यो प्राकृतिक न्याको सिद्धान्तमा आधारित छ” अधिकारीले भन्नुभयो । उहाँका अनुसार बेगनाश र रुपातालको मापदण्ड पनि एकसय मिटरबाट ५५ मिटर कायम गरिएको छ। तत्कालीन लेखनाथ नगरपालिकाले यस क्षेत्रका तालको मापदण्ड १०० मिटर तोकेको थियो । अरु दीपाङ, खास्टे, गुँदे, न्यूरेनी, मैदीतालको मापदण्ड भने २० मिटर कायम गरिएको छ । योसँगै मापदण्ड भन्दा बाहिरका कित्ताको जग्गा फुकुवा गर्नका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय भएको छ।

उपत्यका नगर विकास समितिले ताल विकासका लागि भन्दै दशक अगाडि नजिकका जग्गा रोक्का राख्ने निर्णय गरेको थियो। तर ताल वरिपरिका स्थानीय जग्गा धनीले अव्यवहारिक मापदण्डले आफूहरूलाई मर्का परेको जनाउँदै न्यायोचित रूपमा मापदण्ड तोकर फुकुवा गराउनुपर्ने र आफूहरूलाई न्याय दिलाउनुपर्ने माग राख्दै आएका थिए । पोखरा- ६ गौरीघाटका स्थानीयवासी एवं होटल व्यवसायी हरि भुजेलले महानगरले फेवातालको मापदण्ड समयमै नतोक्दा आफूहरूलाई निकै समस्या भोग्नुपरेको बताउनुभयो । मापदण्डको विषयलाई लिएर बैंक तथा वित्तीय संस्थाले चर्को ब्याज लिने, ऋण चुक्ताको लागि निकै ताकेता गरेर मानसिक दबाब दिने गरेको अनुभव सुनाउँदै यो निर्णय केही भए पनि राहत महसुस गरेको उहाँको भनाइ छ। नागरिक अधिकारकर्मी रामबहादुर पौडेलले सरकारले ६५ मिटर लागू गरेर मुआब्जा दिन नसक्ने भएपछि ३० मिटर कायम गरेर यसको कार्यान्वयनमा जान उचित निर्णय भएको बताउनुभयो । “स्थानीय लामो समयदेखि अन्योलमा छन्, कि ६५ मिटर कायाम गरेर मुआब्जा दिनुपर्‍यो होइन भने समसामयिक रूपमा अहिले गरिएको निर्णय ठिक छ, यसमा विवाद गर्नुभन्दा अब यसलाई कार्यन्वयन गरेर अघि बढ्दा न्यायोचित देखिन्छ” पौडेलले भन्नुभयो । यसअघि सरकारद्वारा गठित फेवातालको चार किल्ला निर्धारण, सीमाङ्कन तथा नक्शाङ्कन समितिले तयार पारेको प्रतिवेदन २०७७ फागुन २ गते नेपाल सरकारलाई पेस गरेको थियो । तत्कालीन भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले सो प्रतिवेदन मन्त्रिपरिषद्मा पेश गरेको थियो । त्यस लगत्तै गत फागुन १७ गते पहिलो पटक राजपत्रमा फेवातालको चार किल्ला र सिमानासम्बन्धी विवरणसहितको सूचना प्रकाशन भएको थियो । नेपाल राजपत्रको खण्ड ७० भाग ५ मा फेवातालको क्षेत्रफललाई ११ हजार २५५ रोपनी ११ आना एक पैसा (५.७२६ वर्गकिलोमिटर) कायम गरिएको छ।

# सृजना मा.वि.को फुटसल प्रतियोगिता सम्पन्न

मिना भुजेल
पोखरा, १७ चैत

पोखरा महानगरपलिका वडा नं. ८, शान्तिमार्ग स्थित सृजना आवासीय माध्यमिक विद्यालयको स्पोर्टस् मिट अन्तर्गत विज्ञान तथा व्यवस्थापन समूह कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुका बिचमा यही चैत्र १७ गते बिहीबारका दिन फुटसल प्रतियोगिता सम्पन्न भएको छ।

यसै विद्यालयका कक्षा ११ र १२ मा अध्यापनरत शिक्षक सूर्य गिरीको संयोजकत्वमा सम्पन्न उक्त खेल भाटभटेनी सुपरमार्केटको फुटसल खेल मैदानमा भएको थियो भने मुख्य प्रयोजकमाग्लोबलरिचएजुकेशन कन्सल्टेन्सी, न्यूरोड तथा सह-प्रयोजकमा रोयल दिदीबहिनी किचन, बुद्धचोक र यशोधा फुड्स प्रा.लि.द्वारा उत्पादित करेन्ट तयारी चाउचाउका साथसाथै हाइजिन प्याक्स, नेपालद्वारा उत्पादित मानिया म्याग्गो जुसको आधिकारिक बिक्रेता निना इन्टरप्राइजेज रहेको थियो।

उक्त खेलमा छात्र तर्फ ९ र छात्रातर्फ ३ गरी १२ ओटा समूह सहभागी भएका थिए । कक्षा १२ सेक्सन ‘ग’ व्यवस्थापनको समूहले छात्रा तर्फ प्रथम स्थान हासिल गर्न सफल भएको छ भने छात्र तर्फ कक्षा ११ सेक्सन ‘ख’ ले प्रथम स्थान हासिल गर्न सफल भएको छ।

# तनहुँमा ७५ हजार बालबालिकालाई टाइफाइड विरुद्धको खोप

पोखरापत्र संवाददाता
दमौली, १७ चैत

तनहुँमा ७५ हजार भन्दा बढी बालबालिकालाई टाइफाइड विरुद्धको खोप लगाइने भएको छ। चैत २५ गतेदेखि जिल्लाका बालबालिकालाई विद्यालयमै टाइफाइड विरुद्धको खोप लगाउन लागिएको हो।

त्यसक्रममा १५ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई टाइफाइड विरुद्धको खोप लगाइने स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । टाइफाइड ज्यानै जोखिममा पार्न सक्ने सङ्क्रामक रोग भएकाले खोप लगाउन सबैले उत्प्रेरणा जगाउनुपर्ने अधिकारीले बताउनुभयो । धेरै विद्यार्थी भएको विद्यालयमै खोप केन्द्र राखेर खोप लगाइनेछ भने कम विद्यार्थी भएको विद्यालयलाई नजिकैका विद्यालय वा स्वास्थ्यमार्फत् खोप लगाउने व्यवस्था मिलाइनेछ। चैत २५ देखि २९ गतेसम्म पहिलो चरणमा र चैत ३० गतेदेखि वैशाख ३ गतेसम्म दोस्रो चरणमा खोप अभियान सञ्चालन हुनेछ । विगतमा कुनै खोप लिँदा गम्भीर प्रकारको प्रतिक्रिया देखा परेको वा कुनै खाना वा अन्य वस्तुबाट कडा एलर्जी भएको भए, एड्सको लक्षण देखा परेको अवस्थामा खोप लगाउन नहुने कार्यालयले जनाएको छ । साथै हाल उच्च ज्वरो आएको वा सिकिस्त बिरामी भएको अवस्थामा पनि खोप लगाउन नहुने कार्यालयले जनाएको छ । टाइफाइड खोप लगाएपछि अन्य खोपमा जस्तै केही सामान्य दुखाइ, सुन्निने, हल्का ज्वरो आउने, टाउको दुख्ने, हातगोडा तथा जोर्नी दुख्ने हुने भए पनि विस्तारै ठिक हुने अधिकारीले बताउनुभयो । उच्च ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, पसिना आउने र जिब्रोमा सेतो लेत लाग्ने टाइफाइडका मुख्य लक्षण हुन्।

# पशुपालनबाट राम्रै आम्दानी गर्दै अपाङ्गता भएकी दरै

पोखरापत्र संवाददाता
तनहुँ, १७ चैत

“एउटा पनि बाख्रा किन्ने हैसियत थिएन्”, व्यास नगरपालिका-१ खकौली निवासी ४० वर्षीय श्रीमाया दरै भन्नुहुन्छ, “भगवान् प्रकट भए झै लाग्छ।

अपाङ्गता भएका व्यक्तिका लागि अधिकार र विकासको लागि स्रोत केन्द्र (रिसेड) ले सानै रकम भए पनि सहयोग गरेपछि आफू आयआर्जनतर्फ लागेको हुँ ।”स्थानीय अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार बनाउन उक्त संस्थाले सानै रकम भए पनि सहयोग गरेपछि उनीहरू व्यावसायिक रूपमा कृषि र पशुपालन क्षेत्रमा लागेर आम्दानी गर्न थालेका छन् । श्रीमायाका श्रीमान् कुलबहादुर पनि अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ उहाँहरूका एक छोरा कक्षा ९ मा अध्ययनरत छन् । दुई वर्षअघि रिसेड संस्थाले रु पाँच हजार अनुदान सहयोग दिएपछि रु दुई हजार आफूले थपेर एउटा बङ्गुरको पाठा पालेको श्रीमायाले बताउनुभयो । करिब एक वर्ष पालेको बङ्गुर ४५ धार्नी हुँदा रु ४५ हजार कमाइएको उहाँले जानकारी दिनुभयो ।

बङ्गुर बिक्री गरेपछि पुनः श्रीमायाले साढे सात हजारमा अर्को बङ्गुरको पाठा ल्याएर पाल्नुभएको थियो। बङ्गुर बिक्रीबाट आएको रकमले बाख्राको खोर निर्माण गरी एउटा बाख्रा ल्याएर पाल्न थाल्नुभएकी उहाँको खोरमा हाल नौ वटा बाख्रा रहेका र अहिले तिनको मूल्य रु एक लाख बीस हजार बराबर रहेको बताइएको छ। करिब रु ५० हजार बराबरको तीन वटा खसीबोका बिक्री गरिएको श्रीमायाले बताउनुभयो । हिँडडुल गर्ने समयमा एउटा खुट्टा सुकेर अपाङ्गता बन्नुभएकी उहाँले व्यावसायिक रूपमा बाख्रापालन कार्यलाई अघि बढाउँदै आउनुभएको हो।

उक्त संस्थाले गत चैत महिनामा पुनः रु सात हजार अनुदान सहयोग गरेपछि एउटा बाख्रा थपिएको थियो । जिल्लाको म्याग्देमा पाँच, शुक्लागण्डकीमा तीन, ऋषिङ, बन्दिपुर र घिरीङमा दुई/दुई र भिमाद, भानु, देवघाट र आँबुखैरेनीमा एक/एकजना गरी १८ जनालाई आर्थिक सहयोग गरिएको रिसेडका अध्यक्ष पदमबहादुर परियारले बताउनुभयो । नगरपालिकालाई रु सात हजार र गाउँपालिका अपाङ्गतालाई रु पाँच हजारका दरले उक्त संस्थाले अनुदानमा सहयोग दिएको थियो। त्यसैगरी व्यासनगरपालिकाका चौध वटा वडामा २७ जनालाई रु सात हजारका दरले अनुदान रकम वितरण गरिएको पनि उहाँले जानकारी दिनुभयो।

# मादीसेती नदीमा मोटरबोट परीक्षण सफल

पोखरापत्र संवाददाता
तनहुँ, १७ चैत

आठौँ तनहुँ महोत्सवको समयमा मादीसेती नदीमा सञ्चालनमा ल्याइएको मोटरबोट परीक्षण गर्दा सफल भएको छ।

पानीको बहाव परीक्षण गर्दा आगामी दिनमा मोटरबोट सञ्चालन गर्न मिल्ने भएको हो । मोटरबोट व्यवस्थापन समितिकासंयोजकदीपकराईले सेतीमादी दोभानदेखि बुल्दीको दोभानसम्म मोटरबोटको परीक्षण गर्दा सफल भएको जानकारी दिनुभयो । डोजर लगाएर उक्त भागमा नदीमा रहेका ढुङ्गाहरू हटाइएपछि मोटरबोट सञ्चालन गर्न सकिएको हो।

मादी र सेती नदीमा पहिलो पटक मोटरबोट चढन पाउँदा तनहुँवासीहरू हौसिएका छन् । मादी र सेतीमा पहिलो पटक मोटरबोट चढ्न पाउँदा निकै आनन्दको अनुभूति भएको सञ्चारकर्मी विष्णु गौतमले बताउनुभयो । मादी र सेतीमा समेत मोटरबोट सञ्चालन गर्न सकिने सम्भावना रहेछ। उहाँले भन्नुभयो, “महोत्सवले निरन्तर सञ्चालनका लागि ढोका खोलिदिएको छ।”

मोटरबोटको सफल आरोहण भएसँगै उक्त नदीमा निरन्तर रूपमा सञ्चालनमा ल्याइने तयारी गरिएको छ । आठौँ तनहुँ महोत्सवमा मोटरबोटको आकर्षण बढेको महोत्सवका संयोजक पवीन्द्रकुमार श्रेष्ठले बताउनुभयो । व्यास नगरपालिकासँग समन्वय गरी मोटरबोट सञ्चालनमा ल्याउने तयारी भइरहेको नारायणगढबाट मोटरबोट ल्याएका लेखनाथ पौडेलले जानकारी दिनुभयो । “नारायणी नदीमा जस्तै गरी मादी र सेतीमा पनि मोटरबोट सञ्चालन गर्ने तयारीमा हामी छौँ,” उहाँले भन्नुभयो।

छिट्टै सम्बन्धित निकायहरूबाट स्वीकृत लिएर मोटरबोट सञ्चालन गराइने योजना रहेको बताइएको छ।

महोत्सवका बेला मोटरबोट चढ्नका लागि प्रतिव्यक्ति रु २५० लिइँदै आएकामा घटाएर १५० पुऱ्याइएको छ । दर्शकको मागलाई ध्यानमा राखी मोटरबोटको शुल्क घटाइएको तनहुँ उद्योग वाणिय सङ्घका महासचिव सुबोध अधिकारीले बताउनुभयो।


**Provincial Government**
**Gandaki Province**
**Ministry of Education,Culture, Science Technology & Social Development**
**Province Museum**
**Pokhara**

## Invitation for Sealed Quotation

**Name of the Office: Province Museum Gandaki Province Pokhara**
**Address of the Office: Pokhara, kaski**
**Sealed Quotation No:PM/KASKI/SQ/03/78/79**
**Date of Publication : 01-04-2022**

The Province Museum Gandaki Province Pokhara invites sealed quotations from registered contractors for the construction of CONSTRUCTION OF COMPOUND WALL.

1. The Estimated amount for the works is(in NRs.): 1,706,066.17 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Province Museum Gandaki Province Pokhara at Pokhara, Kaski or by reaching out to them at Telephone 061570413 by dropping a mail at pokharamuseum@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs. Or
4. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
   Name of the Bank: Rastriya Banijjya Bank Ltd.
   Name of the Office: Province Museum Gandaki Province Pokhara
   Office Code no: 3500039024
   Office Account no: 1-1-1-1
   Rajaswa (revenue) Shirshak no: 14229
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 17- 04-2022 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 17-04-2022 13:00 hours at the office of Province Museum Gandaki Province Pokhara, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.45000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
   In case of Cash deposit
   Account No (Dharauti) : 3020100202030000
   Bank: Rastriya Banijjya Bank Ltd
   Branch: PrithiviChowk, Branch Pokhara
   Name of the office: Pradesh Lekha Niyantrak Karyalay, Gandaki Province.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.